बागमती प्रदेश सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

हेटौंडा, नेपाल

## राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०१/०७**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट चालु आ.व. २०८२/८३ मा सञ्चालन गरिने "राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम" का लागि "राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम यो सूचना प्रकाशन गरिएको छ। उक्त कार्यक्रम अन्तर्गत बागमती प्रदेशभित्र तोकिएको विधामा कार्यविधिको अनुसूची-२ बमोजिम खाद्य प्रशोधन (प्राथमिक प्रशोधन) का लागि परिमार्जित न्यूनतम मापदण्ड (अन्न बालीको हकमा १०० मे.टन वार्षिक प्रशोधित खाद्य उत्पादन र अन्न बाली बाहेक अन्यको हकमा प्रशोधन हुने बाली वस्तुको राष्ट्रिय उत्पादन र बजार खपतको आधारमा न्यूनतम २० मे.टन वार्षिक प्रशोधित खाद्य उत्पादन) पूरा गरेका कृषकहरूले कार्यविधिको अनुसूची-३ बमोजिमको निवेदन तथा अनुसूची-४ बमोजिमको विवरण, यो सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र सम्बन्धित जिल्लास्थित कृषि विकास कार्यालय वा पशु सेवा कार्यालयमा पेस गर्न अनुरोध गरिन्छ। कार्यक्रमसम्बन्धी कार्यविधि, थप जानकारी तथा आवश्यक फारामहरू मन्त्रालयको वेबसाइट http://molmac.bagamati.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ। पुनश्चः पुरानो मापदण्ड बमोजिम प्राप्त भएका आवेदनहरूलाई समेत मूल्याङ्कनमा समावेश गरिनेछ।

पुरस्कारका विधाहरुः

1. खाद्य प्रशोधन (प्राथमिक प्रशोधन)

आविश्कार पौडेल
बाली विकास अधिकृत

फोन नं: ०५७-५२५१४७ ५२५१४८ इमेल: molmac@b